**आकाशवाणी समाचार- नेपाली**
मितिः १२ फरवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालका राज्यपाल सी.भी. आनन्द बोसले भन्नु भएको छ, भ्रष्टाचार र हिंसा दुई खराबी हुन् जुन हाल राज्यको राजनीतिमा क्यान्सर जस्तै फैलिरहेको छ।

- केन्द्र सरकारले "वन्दे मातरम" गाउने र प्रस्तुत गर्ने सम्बन्धमा विस्तृत दिशानिर्देश जारी गरेपछि, पश्चिम बंगालमा सत्तारूढ तृणमूल कांग्रेस र विपक्षी भारतीय कम्युनिष्ट पार्टीले यस कदमको आलोचना गरेको छ।

- सिक्किमका राज्यपाल ओमप्रकाश माथुर तीन दिवसीय भ्रमणमा हिज दार्जीलिङ आइपुग्नु भएको छ।

- दार्जीलिङका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो निर्वाचन क्षेत्र दार्जीलिङ भ्रमणमा आउने निमन्त्रणा दिएको प्रेस विज्ञप्ति मार्फत जानकारी गराउनु भएको छ।

- आजदेखि शुरू हुने बाह्रौ श्रेणीको उच्चतर माध्यमिक परीक्षाका लागि दार्जीलिङ जिल्लामा नौ वटा मुख्य परीक्षा केन्द्र अनि 22 वटा उप परीक्षा केन्द्र स्थापित गरिएको छ।

**राज्यपाल – सीभी आनन्द**

पश्चिम बंगालका राज्यपाल सी.भी. आनन्द बोसले भन्नु भएको छ, भ्रष्टाचार र हिंसा दुई खराबी हुन् जुन हाल राज्यको राजनीतिमा क्यान्सर जस्तै फैलिरहेको छ। राज्यपालले उत्तर २४ परगना जिल्लाको बारासतमा रहेको एक निजी विश्वविद्यालयको दीक्षान्त समारोहमा भाग लिने क्रममा पत्रकारहरूसँग कुराकानी गर्नु हुँदै यस प्रकारको टिप्पणी गर्नु भएको हो। उहाँले भन्नु भयो, बंगालको राजनीतिमा दुई मुद्दाहरू अभूतपूर्व रूपमा उठेका छन्: हिंसा र व्यापक भ्रष्टाचार। हामी सँगै, हिंसा र भ्रष्टाचारमुक्त बंगाल निर्माण गर्न प्रयासरत छौं। स्वच्छ र शान्तिपूर्ण समाज निर्माण गर्न कुनै पनि प्रयास बाँकी राखिने छैन। 'वन्दे मातरम्' गाउने सम्बन्धमा केन्द्र सरकारले जारी गरेको नयाँ निर्देशिकाको स्वागत गर्नु हुँदै राज्यपालले यो राष्ट्रिय गीत मात्र होइन तर भारतीय समाजको आत्माको प्रतीक पनि रहेको बताउनु भयो। उहाँले 'वन्दे मातरम्' ले नागरिकहरूको डर बिना आफ्नो विचार व्यक्त गर्ने स्वतन्त्रतालाई प्रतिबिम्बित गर्ने गरेको बताउनु भयो। यद्यपि, राज्यपालले बेलडांगा हिंसा मुद्दाको जाँच गर्न राष्ट्रिय जाँच एजेन्सी (एनआईए) लाई अनुमति दिने कलकत्ता उच्च अदालतको आदेशलाई चुनौती दिने पश्चिम बंगाल सरकारको याचिकालाई प्रधानन्यायाधीश सूर्य कान्त र न्यायाधीश जयमाल्या बागची सम्मिलित बेन्चले खारेज गरेको घटनाक्रममा टिप्पणी गर्न अस्वीकार गर्नु भयो।

**बन्दे मातरम- टीएमसी-माकपा**

केन्द्र सरकारले "वन्दे मातरम" गाउने र प्रस्तुत गर्ने सम्बन्धमा विस्तृत दिशानिर्देश जारी गरेपछि, पश्चिम बंगालमा सत्तारूढ तृणमूल कांग्रेस र विपक्षी भारतीय कम्युनिष्ट पार्टीले यस कदमको आलोचना गरेको छ। दिशानिर्देशले प्रमुख राज्य समारोहहरूमा छ वटा श्लोकहरू मिलेर बनेको र लगभग तीन मिनेट दस सेकेन्डसम्म चल्ने "वन्दे मातरम" को आधिकारिक पूर्ण संस्करण बजाउने वा प्रस्तुत गर्ने आदेश दिएको छ। टीएमसी र सीपीआई-एमले यो प्रावधानको विरोध गर्दै यसलाई विभाजनकारी राजनीतिको प्रयास भनेको छ। टीएमसीको पश्चिम बंगाल इकाईका उपाध्यक्ष जयप्रकाश मजुमदारले स्वतन्त्रता आन्दोलनमा संलग्न नभएका राजनीतिक दलको नेतृत्वमा रहेको सरकारको यस्तो निर्देशन अस्वीकार्य रहेको बताउनु भएको छ। उहाँले आरोप लगाउनु भयो, १९३७ मा, गुरुदेव रवीन्द्रनाथ टैगोरको सल्लाहमा, देशका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले गीतका केही भागहरूलाई सबैका लागि स्वीकार्य ठानेका थिए, र त्यही भागलाई पछि राष्ट्रिय गीतको दर्जा दिइएको थियो। अब, इतिहासलाई विकृत गर्ने प्रयास भइरहेको छ। उहाँले भन्नु भयो, "वन्दे मातरम्" का श्लोकहरू धार्मिक आधारमा समाजलाई विभाजित गर्न प्रयोग गरिँदैछ, जुन संविधान र राष्ट्रिय एकताको लागि हानिकारक छ। माकपाका केन्द्रीय समिति सदस्य सुजन चक्रवर्तीले यही भावनालाई दोहोर्याउँदै भन्नु भयो, भारतीय जनता पार्टीले देशको गम्भीर मुद्दाहरूबाट ध्यान हटाउन "वन्दे मातरम्" वरिपरि नयाँ कथा सिर्जना गरिरहेको छ। उहाँले गुरुदेव रवीन्द्रनाथ टैगोरले आफैंले गीतको प्रासंगिकता र भावनाको बारेमा छलफल गरेका थिए, तर वर्तमान केन्द्रीय सरकारलाई इतिहासको आफ्नै तरिकाले व्याख्या गर्ने अधिकार छैन।

## सिक्किम राज्यपाल- दार्जीलिङ

सिक्किमका राज्यपाल ओमप्रकाश माथुर तीन दिवसीय भ्रमणमा हिज दार्जिलिङ आइपुग्नु भएको छ। आफ्नो भ्रमणको क्रममा राज्यपालले दार्जिलिङका प्रतिष्ठित पर्यटकीय गन्तव्यहरूको भ्रमण गर्नु हुनेछ। दार्जीलिङस्थित लोकभवनले जानकारी गराए अनुसार, सिक्किमका राज्यपाल ओमप्रकाश माथुर आफ्नो तीन दिवसीय प्रवासमा हिज दाजिर्लिङ आइपुग्नु भयो। राज्यपालको आगमनमा दार्जिलिङ जिल्ला पुलिसद्वारा गार्ड अफ अनर प्रदान गरियो। त्यसपछि, दार्जिलिङ जिल्ला प्रशासनका अधिकारीहरूले स्वागत एवं अभिनन्दन गरे।

## निर्वाचन आयोग अधिकारी स्थानान्तरण

पश्चिम बंगाल विधानसभा चुनाव अघि, निर्वाचन आयोगले तीन वर्षभन्दा बढी समयदेखि एउटै पद वा जिल्लामा तैनाथ प्रशासनिक र पुलिस अधिकारीहरूको स्थानान्तरणको निर्देश दिएको छ, यसको जानकारी एक वरिष्ठ अधिकारीले दिएका हुन।निर्देशन अनुसार, यो आदेश जिलाधिकारी, अतिरिक्त जिल्ला जिलाधिकारी, खण्ड विकास अधिकारी, उप-विभागीय जिलाधिकारी र अन्य जिल्ला स्तरीय प्रशासनिक अधिकारीहरूमा लागू हुनेछ।यसका साथै पुलिस महानिरीक्षक (आईजी), उप-महानिरीक्षक (डीआईजी), पुलिस अधीक्षक (एसपी) र अतिरिक्त पुलिस अधीक्षकलाई पनि स्थानांतरित गरिनेछ।निर्वाचन आयोगका अधिकारीले स्वतन्त्र र निष्पक्ष चुनाव सुनिश्चित गराउन यो निर्णय गरिएको बताए। कुनै विशेष जिल्ला वा पदमा तीन वर्षभन्दा बढी समय काम गरेका अधिकारीहरूलाई स्थानांतरित गर्नु अनिवार्य हुनेछ।

## आरपीएफ- पक्राउ

दक्षिण पूर्वी रेलवेको खड़गपुर डिभिजन अन्तर्गतको रेलवे सुरक्षा बल आरपीएफ- ले रेलवे आरक्षण टिकटहरूको अवैध बिक्री र खरिद विरुद्ध कडा अभियान चलाउँदै कुल ३६ हजार ५ सय ७५ मूल्यका टिकटहरू

जफत गरेको छ र दुई छुट्टाछुट्टै मुद्दामा एक अभियुक्तलाई पक्राउ गरेको छ। हिज साँझ रेलवेले जारी गरेको आधिकारिक प्रेस विज्ञप्ति अनुसार, पहिलो घटना २७ जनवरी २०२६ मा खड्गपुरको गोलबजारमा भएको थियो। सूचनाको आधारमा, आरपीएफ- ले ट्राभल एजेन्सी कार्यालय नजिकै विशेष निगरानी अभियान सञ्चालन गरेको थियो। यसक्रममा परित्यक्त स्कूटरको खोजी गर्दा, यसको ट्रंकबाट रेलवे आरक्षण र रद्दसँग सम्बन्धित चार टिकटहरू बरामद गरिएको थियो, जसमा दुई हालको तत्काल टिकटहरू पनि समावेश थिए। जफत गरिएका टिकटहरूको कुल मूल्य १८ हजार७५ रूपियाँ अनुमान गरिएको थियो। उचित कागजात र भिडियोग्राफी सहित गाडी र जफत गरिएको सामग्रीलाई हिरासतमा लिइएको थियो। यस घटनामा, १० फरवरी २०२६ मा, एक व्यक्तिले रेलवे सुरक्षा बल आरपीएफ समक्ष उपस्थित भएर विगत धेरै महिनादेखि व्यक्तिगत लाभको लागि अवैध रूपमा रेलवे आरक्षण टिकटहरू खरिद र बिक्री गर्दै, यात्रुहरूबाट बढी शुल्क असुल्दै आएको स्वीकार गरे। उनले ट्राभल एजेन्सीसँग मिलेर टिकटहरूको व्यवस्था गरेको पनि स्वीकार गरे। रेलवे ऐनको सम्बन्धित धाराहरू अन्तर्गत उनी विरुद्ध कानुनी कारबाही सुरु गरिएको छ।

**<u>सांसद विष्ट- प्रधानमन्त्री</u>**

दार्जीलिङका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो निर्वाचन क्षेत्र दार्जीलिङ भ्रमणमा आउने निमन्त्रणा दिएको प्रेस विज्ञप्ति मार्फत जानकारी गराउनु भएको छ। सांसद विष्टले हिज प्रधानमन्त्री नरेन्द्र मोदीसँग दिल्लीमा भेटवार्ता गर्नु हुँदै यो निमन्त्रणा दिएको बताउनु भएको छ। यस क्रममा उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पहाड़, तराई, डुवर्स क्षेत्रलाई विकासका लागि उच्च प्राथमिकतामा राख्नु भएकोमा अनि बनारसदेखि सिलगढीसम्म उच्च गतिको बुलेट ट्रेन सञ्चालनको हालै गरिएको घोषणाका लागि आभार प्रकट गर्नु भयो। श्री विष्टले अझ भन्नु भयो, स्वतन्त्रतापछि दशकौसम्म राष्ट्रिय सुरक्षाको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण हुँदा हुँदै पनि हाम्रो क्षेत्र आधारभुत पुर्वधारको अभावमा पछाडि परेको छ। तर अब प्रधानमन्त्रीको दुर दृष्टिका कारणले हाम्रो ठाँउले पनि विस्तारै काँचुली फेरिरहेको छ। सांसद विष्टले प्रधानमन्त्रीलाई यस क्षेत्रको जनताको समस्याहरू ध्यानपूर्वक सुनिदिनु भएको अनि भेट वार्ता गर्ने समय दिनु भएकोमा प्रधानमन्त्रीलाई आभार प्रकट गर्नु भयो।

**<u>उच्चतर माध्यमिक परीक्षा</u>**

आजदेखि शुरू हुने बाह्रौ श्रेणीको उच्चतर माध्यमिक परीक्षाका लागि दार्जीलिङ जिल्लामा नौ वटा मुख्य परीक्षा केन्द्र अनि 22 वटा उप परीक्षा केन्द्र स्थापित गरिएको छ। यसबारे जिल्ला परामर्ष कमिटीका सह संयोजक डा.मिलन तामाङले हिज पत्रकारहरूसँग कुराकानी गर्नु हुँदै उच्चतर माध्यमिक परीक्षाको चौथो सेमिस्टारका लागि दार्जीलिङ जिल्लामा नौवटा मुख्य परीक्षा केन्द्रहरू दार्जीलिङ, खरसाङ, घुम, मिरिक, तकदाह,सोनादा,पुलबजार बिजनबारी, सुके पोखरी अनि सुकना रहेको बताउनु भयो। यी नौ वटा मुख्य परीक्षा केन्द्र अधिनस्थ 22 वटा उप परीक्षा केन्द्र रहेको छ। डा. तामाङले 3 हजार 3 सय 43 परीक्षार्थीहरूमध्ये 1 हजार 4 सय 91 छात्र अनि 1 हजार 8 सय 52 छात्राहरू रहेको बताउनु भएको छ भने यसपटक छात्रहरूको तुलनामा छात्राहरूको संख्या अधिक रहेको पनि जानकारी गराउनु भएको छ। यसका साथै उहाँले विद्यार्थीहरूको सुविधालाई मध्यनजर गर्दै दुर्गम क्षेत्रहरूमा पनि परीक्षा केन्द्र राखिएको छ। परीक्षा सञ्चालनका लागि जिल्ला प्रशासन, गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, शिक्षा विभाग, पुलिस प्रशासन,आरटीओ, लगायत अन्य विभागले सम्पूर्ण रूपमा सहयोग गर्न लागि परेको बताउनु भएको छ।

**<u>सौरेनी पुराण</u>**

मिरिक महकुमा अन्तर्गत सौरेनी मनकामेश्वर शिवालयमा सप्ताह दिवसीय हरिहरात्मक श्रीमद् भागवत सप्ताह यज्ञ जारी छ। गत 9 फरवरीदेखि शुरू भएको यज्ञ आगामी 16 फरवरीको दिन समापन हुने आयोजक समितिका अध्यक्ष कमल प्रधानले जानकारी गराउनु भएको छ। जसमा चर्चित भागवत कथा वाचिका राधिका दासीले भागवत वाचन गर्दै आइरहेको बताउनु भएको छ। उहाँले सप्ताहदिवसीय यज्ञमा प्रत्येक दिन कथा वाचनसँगै विविध धार्मिक अनुष्ठान भइरहेको बताउनु हुँदै साँझमा गंगा आरती पनि भइरहेको बताउनु भएको छ।

****** ० ******